# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, भाद्र १५ गते, २०७६ साल (अतिरिक्ताङ्क २६

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

प्रदेश नं. १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## प्रदेश बजार अनुगमन नियमावली, २०७६

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २७ बमोजिम उपभोक्ताको हक, हित संरक्षणका लागि गठन हुने प्रदेश बजार अनुगमन समितिको काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी वनाई उपभोक्ताको हक, हित संरक्षणका लागि गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने संवैधानिक अधिकारको संरक्षण तथा संबर्द्धन गर्न,वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर, शुद्धता सम्वन्धी विषयमा सुपरिवेक्षण तथा अनुगमन गरी उपभोक्तालाई प्राप्त हकको प्रचलन गराई न्यायिक उपचार प्रदान गर्न तथा उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउननेपालको संविधानको अनुसूची-७ को क्रमसंख्या २ लाई मध्यनजर गरी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६३ (२) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छः-

### परिच्छेद-१
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यी नियमहरुको नाम **"प्रदेश बजार अनुगमन नियमावली, २०७६"** रहेकोछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) **"अनुगमन टोली"** भन्नाले प्रदेश बजार अनुगमन समितिले नियम ५ बमोजिम गठन हुने जिल्ला बजार निरीक्षण तथा अनुगमन टोलीलाई सम्झनुपर्छ ।

(ख) **"निर्देशनालय"** भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, प्रदेश नं. १ लाई सम्झनुपर्छ ।

(ग) **"निरीक्षण अधिकृत"** भन्नाले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम तोकिएको मन्त्रालयको अधिकृत वा मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

मातहत रहेका जिल्ला स्तरीय कार्यालयको अधिकृतलाई सम्झनुपर्छ । सो शब्दले जिल्ला बजार निरीक्षण तथा अनुगमन टोलीका संयोजक समेतलाई जनाउँछ ।

(घ) **"प्रदायक"** भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा विक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ङ) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषदलाई सम्झनुपर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ लाई सम्झनुपर्छ ।

(छ) **"वस्तु"** भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनुपर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(ज) **"विक्रेता"** भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनुपर्छ ।

(झ) **"समिति"** भन्नाले नियम ३ बमोजिम गठन हुने प्रदेश बजार अनुगमन समितिलाई सम्झनुपर्छ ।

(ञ) **"सेवा"** भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर /पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनुपर्छ ।

(ट) **"सेवाग्राही"** भन्नाले वस्तु वा सेवाको उपभोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

(ठ) **"स्थानीयतह"** भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## परिच्छेद -२
## प्रदेश बजार अनुगमन समिति सम्वन्धी ब्यवस्था

३. **प्रदेश बजार अनुगमन समितिः** (१) उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २७ बमोजिम उपभोक्ताको हक, हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन तथा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा सुपरीवेक्षण तथा अनुगमन गर्नको लागि एक प्रदेश बजार अनुगमन समिति गठन हुनेछ ।

(२)उपनियम (१) बमोजिमको प्रदेश बजार अनुगमन समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छनः

(क) सचिव-उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ -संयोजक

(ख) कार्यालयले तोकेको अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत, मूख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश नं. १ -सदस्य

(ग) मन्त्रालयले तोकेको अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत, उद्योग, पर्यटन, वन तथावातावरण मन्त्रालय, प्रदेश नं. १(उद्योग, वाणिज्य र आपूर्ति हेर्ने) -सदस्य

(घ) मन्त्रालयले तोकेको अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ -सदस्य

(ङ) मन्त्रालयले तोकेको अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(च) मन्त्रालयले तोकेको अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ -सदस्य

(छ) मन्त्रालयले तोकेको अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ -सदस्य

(ज) मन्त्रालयले तोकेको अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १ -सदस्य

(झ) प्रहरी प्रमुख - प्रदेश प्रहरी कार्यालय, प्रदेश नं. १ -सदस्य

(ञ) मन्त्रीस्तरीय निर्णयबाट मनोनित उपभोक्ता अधिकार तथा बजार व्यवस्थापनका विज्ञ एकजना -सदस्य

(ट) अध्यक्ष वा प्रतिनिधि- नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं. १ -सदस्य

(ठ) अध्यक्ष वा प्रतिनिधि - नेपाल उद्योग परिसंघ, प्रदेश नं. १ -सदस्य

(ड) अध्यक्ष वा प्रतिनिधि - नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघ, प्रदेश नं. १ -सदस्य

(ढ) अध्यक्ष वा प्रतिनिधि - नेपाल घरेलु तथा साना उद्योग महासंघ, प्रदेश नं. १ -सदस्य

(ण) अध्यक्ष- नेपाल पत्रकार महासंघ, प्रदेश समिति, प्रदेश नं. १ -सदस्य

(त) राष्ट्रियस्तरमा उपभोक्ता अधिकारकर्मीको रुपमा काम गरी अनुभव हासिल गरेका उपभोक्ता अधिकारकर्मी वा प्रदेश नं. १ मा संगठित उपभोक्ता संस्थामा रही काम गरिरहेका वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्येबाट कम्तीमा एक जना महिला सहित मन्त्रीस्तरीय निर्णयबाट मनोनित तीन जना -सदस्य

(थ) कार्यालय प्रमुख - खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, प्रदेश नं. १ -आमन्त्रित विज्ञ सदस्य

(द) कार्यालय प्रमुख - नेपाल गुणस्तर तथा नापतौल कार्यालय, प्रदेश नं. १ -आमन्त्रित विज्ञ सदस्य

(ध) कार्यालय प्रमुख - औषधि व्यवस्था विभागको कार्यालय, प्रदेश नं. १ -आमन्त्रित विज्ञ सदस्य

(न) कार्यालय प्रमुख - स्थानीय भन्सार कार्यालय, प्रदेश नं. १ -आमन्त्रित विज्ञ सदस्य

(प) निर्देशक -उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, प्रदेश नं. १ -सदस्य सचिव

(३) उपनियम (३) बमोजिमको समितिले आवश्यकता अनुसार प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका उपप्रमुख/उपाध्यक्षलाई विशेष आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (३) को खण्ड (ञ) र(त) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुइ वर्षको हुनेछ र निज एक अवधिका लागि पुनः मनोनयन हुन सक्नेछ ।

(५) उपनियम (४) मा जुन सुकै कुरा लेखिएको भए तापनि उपभोक्ताको हक हित विरुद्धको कुनै काम गरेमा वा समितिको काम कर्तव्य र अधिकार विपरीत हुने गरी कुनै कार्य गरेमा मन्त्रीस्तरीय निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम पदवाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिइने छ ।

४. <u>समितिको काम कर्तव्य र अधिकार:</u>(१) नियम ३ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश बजार अनुगमन सम्वन्धी मापदण्ड बनाउने,

(ख) बस्तु तथा सेवाको सहज एंव मितव्ययी आपूर्तिको लागि सरकारी, नीजि, सामुदायिक र सहकारी संस्थाहरुबीच प्रभावकारी समन्वय गर्ने/गराउने,

(ग) दैनिक उपभोग्य बस्तु तथा सेवालाई सुलभ बनाउन कानून अनुसार बजार नियमन गर्ने/गराउने,

(घ) उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(ङ) स्वस्थ व्यापार ब्यवसायको वातावरण तयार गर्ने/गराउने,

(च) प्रदेश भित्र अत्यावश्यक बस्तुको माग र आपूर्तिको सर्वेक्षण गरी सहज आपूर्ति व्यवस्थापनका लागि बस्तु र सेवाको अभिलेख राख्ने,

(छ) प्रदेश भित्रको बजार सर्वेक्षण गरी मूल्य विश्लेषण गर्ने,

(ज) प्रदेश भित्रका उत्पादक र पैठारीकर्ताको उत्पादन स्थल र भन्सार विन्दुमा अर्थात श्रोतमा नै अनुगमन गर्ने/गराउने,

(झ) बजारमा देखिएका वस्तु र सेवाको अभावको पहिचान गरी उपभोक्ताको बस्तु वा सेवामा सहज पहुँचको व्यवस्थापन गर्न सहजिकरण गर्ने/गराउने,

(ञ) बजारमा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, तौल, गुणस्तर, शुद्धता आदिका सम्बन्धमा संघीय सरकारका निकाय र स्थानीय तहका सरकारसँग समन्वय गरी अनुगमन तथा सुपरिवेक्षण गर्ने/गराउने,

(ण) स्थानीय तह र उद्योग वाणिज्य क्षेत्रका वस्तुगत संघ संस्थासंग समन्वय गरी उपभोक्ता अधिकार र बजार

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

व्यवस्थापन सम्बन्धमा प्रशिक्षण मूलक उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(त) यस नियमावली बमोजिम गठितअनुगमन टोलीलाई मार्ग निर्देशन गर्ने र अनुगमन टोलीको प्रगति प्रतिवेदन उपर समिक्षा गरी आवश्यक निर्देशन दिने,

(थ) यस नियमावलीमा उल्लेख भए अनुसार अनुगमन टोलीको बजार अनुगमन सम्बन्धी कार्य सञ्चालन, कार्यविधि र अनुगमन टोलीको आचारसंहिता अक्षरशः पालना गर्ने गराउने,

(द) प्रदेश बजार अनुगमन समितिद्वारा गठित अनुगमन टोली तथा स्थानीय बजार अनुगमन समितिको काम कारबाहीमा समन्वय कायम गर्ने,

(ध) बजार अनुगमनलाई प्रभावकारी बनाउन उपभोक्ताको हक हित संरक्षण गर्ने र कानून कार्यन्वयन गर्ने प्रदेशस्तरीय निकायका वीचमा समन्वय गर्ने, गराउने/आवश्यक निर्देशन दिने,

(न) कानूनी प्रकृया पूरा गर्ने क्रममा प्रदेश सरकारले बजार अनुगमन तथा निरीक्षणको लागी निरीक्षण अधिकृत, विज्ञ वा विषयगत प्रतिनिधि आवश्यक परेमा नेपाल सरकारसँग लिखित रुपमा माग गर्ने,

(प) आवश्यकता अनुसार प्रदेश स्तरीय समिति वा उपसमिति गठन गरी बजारमा देखिएका समस्याको निराकरण गर्ने,

(फ) मन्त्रीस्तरीय निर्णय वा निर्देशनको पालना गर्ने, गराउने ।

(२) उपनियम (१) बमोजिमको क्षेत्रमा गरिएको कार्य तथा अनुगमनका बारेमा समितिले प्रत्येक महिना अनुगमन गरेको भए अनुसूची-१ बमोजिमको ढाँचामा र निरीक्षण अधिकृतलाई बजार अनुगमनका बारेमा अन्य कुनै निर्देशन दिएको भए सो समेत खुलाई

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

प्रतिवेदन तयार गरी निर्देशनालयमा पेश गर्नुपर्नेछ र सोको प्रति मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) मन्त्रालयलेउपनियम (२) बमोजिमप्राप्त प्रतिवेदनका आधारमा बजार अनुगमनका सम्वन्धमा आवश्यक कार्यवाही अगाडि वढाउन सक्नेछ ।

५. <u>जिल्ला बजार निरीक्षण तथा अनुगमन टोली गठनः</u> (१) वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नविकरण, आपुर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक त्रियाकलापको नियमित एंव आकस्मिक अनुगमनको लागि समितिले प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला बजार निरीक्षण तथा अनुगमन टोली गठन गर्न सक्नेछः

(क) निरीक्षण अधिकृत -संयोजक

(ख) सम्वन्धित स्थानीय तहका प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित नियामक निकायका प्रतिनिधि (विषयगत क्षेत्रबाट) -सदस्य

(घ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि -सदस्य

(ङ) सम्वन्धित स्थानको उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(च) उपभोक्ता संस्थाका प्रतिनिधि एक जना (धेरै भए आलो/पालो गरी) -सदस्य

(छ) जिल्ला स्थित पत्रकार महासंघका अध्यक्ष वा प्रतिनिधि -सदस्य

(२) जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयको प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) अनुगमन टोलीमा कम्तीमा पाँच जना प्रतिनिधि संलग्न भई बजार अनुगमन सम्बन्धी कार्य गरिनेछ । तर कुनै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत विज्ञ/प्रतिनिधी अनिवार्य रुपमा समावेश गराउनु पर्नेछ ।

**स्पष्टिकरणः**-बिषयगत बिज्ञ वा प्रतिनिधि भन्नाले सम्वन्धित विषयको जाँच गर्ने प्राविधिक ज्ञान भएको व्यक्ति सम्झनुपर्छ ।

६. <u>अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः</u> (१) अनुगमन टोलीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र मासिक अनुगमन कार्य तालिका बनाई स्वीकृतीको लागि समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार पूर्ण व्यापारिक क्रियाकलापका आधारमा मूल्य निर्धारण, कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहिन/कम तौल) भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने,

(छ) अनुगमन टोलीले अनुसुचि-३ को ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदनसमितिमा पेश गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ज) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (**Unfair Trade Practices**), कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (**Restrictive Trade Practices**) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (**Monopolistic Trade Practices**) भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नुपर्ने ।

(२) बजार अनुगमन गरिने वस्तुको बर्गीकरण अनुसुचि-२ मा उल्लेख भए अनुसार हुनेछ ।

७. <u>बजार अनुगमन कार्यविधिः</u> (१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा देहायका विषयहरुमा विशेष ध्यान दिनु पर्नेछः-

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता(**PAN/VAT**) को प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको/नलिएको साथै प्रमाणपत्र नियमिति रुपमा नविकरण भए/नभएको,

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखे/नराखेको,

(ग) प्रदायकले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखे/नराखेको,

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक भए/नभएको,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

र उपभोग गर्ने तरिका, स्पष्ट बुझिने गरी उल्लेख भए नभएको, नेपाली उत्पादनको हकमा नेपाली अक्षरमा उल्लेख गरिएको/नगरिएको,

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख भएको/नभएको । औषधीविज्ञ(फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधि विक्रेता प्रमाणपत्र रहेको/नरहेको

(छ) उपभोग्य मिति नाघेको -औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू भए/नभएको,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको /नगरेको। पुनः लेबलिङ्ग वा छपाई गरेको/नगरेको,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु विक्रिस्थल सफासुग्घर र मापदण्ड अनुसार भए/नभएको,

(ञ) विक्रेताले क्रेतालाई वस्तु विक्रीको विल विजक जारी गरेको/नगरेको

(२) उपभोग्य मिति नाघेको -औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा, उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गरी वस्तुको प्रकृति अनुसार सम्वन्धित प्रहरी कार्यालय, स्थानीय तहको प्रतिनिधिको रोहबरमा नष्ट गर्नुपर्ने स्पष्ट आधार र कारण खुलाई अनुसूची-४ बमोजिमको मुचुल्का बनाई सम्भव भएसम्म सम्वन्धित माल धनीलाई समेत रोहबरमा राखी नष्ट गरी सोको

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

ब्यहोरा संघीय कानून बमोजिम नियुक्त निरीक्षण अधिकृतलाई समेत दिनु पर्नेछ ।

(३) उपनियम (१) मा उल्लेखित विषयमा कसूर गर्ने व्यवसायीलाई दोषको आधारमा निरीक्षण अधिकृतले उपभोक्तासंरक्षण ऐन, २०७५ ले प्रदान गरेको अधिकारको अधिनमा रही तत्काल जरिवाना गर्न सक्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम अनुगमन टोलीले सामान नष्ट गरेको वा जरिवाना गरेको विषयमा चित्त नबुझ्ने पक्षले पैत्तिस दिन भित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ र मन्त्रालयले त्यस्तो पुनरावेदन परेकोमा प्रचलित कानून बमोजिम तिन महिना भित्रमा निर्णय गर्नुपर्नेछ ।

## परिच्छेद-३
## अनुगमन सम्बन्धी प्रकृया

८. <u>अनुगमनको पूर्व तयारीः</u> समिति वा अनुगमन टोलीले निरीक्षण वा अनुगमनमा जानु पूर्व गर्नुपर्ने तयारी देहाय बमोजिम रहेको छः

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्रथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्ने,

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्ने,

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्ने,

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगाडि तालिका बनाई आवश्यक पर्ने साधन, सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(ङ) बजार निरीक्षण वा अनुगमन गर्न जाँदा गोपनीयतालाई पालना गर्नुपर्नेछ ।

९. <u>बजार अनुगमन गर्ने प्रकृया:</u> (१) बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्ति तथा अनुगमन टोलिका संयोजकले आफ्नो परिचय पत्र देखाई, अनुगमनको आवश्यकता बारे जानकारी गराएर मात्र बजार अनुगमन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्न आउने अधिकारीलाई बिना कुनै अवरोध अनुगमन गर्न दिनु सम्बन्धित व्यवसायीको कर्तब्य हुनेछ ।

(३) उपनियम (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा बिरोध गरेमा बाधा बिरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(४) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम खरिद गरी नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको कार्य गर्दा सम्बन्धित व्यवसायीले मुचुल्कामा दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथासिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखि पठाउनुपर्नेछ ।

(६)अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधी तोकी सुधारका लागि स्थलगत लिखित निर्देशन दिनसक्नेछ ।

(७) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखी अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी, स्थानीय तहको प्रतिनिधि र उपस्थित व्यक्तिहरूको रोहवरमामुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ। संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सकिने छ।

(८) बजार अनुगमन टोलीले तयार गर्नुपर्ने मुचुल्काको नमूना अनुसूची-४ र तारेख भर्पाईको नमूना अनुसूची-५ मा राखिएको छ ।

## परिच्छेद-४
## उजुरी तथा दण्ड जरिवाना सम्बन्धी व्यवस्था

१०. <u>उजुरी दिन सक्नेः</u> (१) कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्तिले मन्त्रालय वा प्रदेश बजार अनुगमन समिति वा निर्देशनालय वा अनुगमन टोली समक्ष लिखित सूचना वा उजुरी दिन सक्नेछ ।

(२)उपनियम (१) बमोजिमको उजुरी सुनुवाई गर्ने निकायले सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई समेत छानविन गरी उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा सोलाई समेत उजुरीको रूपमा ग्रहण गरी समितिको निर्देशन अनुसार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा यस नियमावली बमोजिम तत्काल कारवाही चलाउनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(५) उपनियम (४) बमोजिम अनुगमन टोलीले नियम (७) बाहेक गरेको काम कारवाहीमा चित्त नबुझेमा विक्रेताले प्रचलित कानून बमोजिम मन्त्रालय समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ। त्यस्तो उजुरीका सम्वन्धमा मन्त्रालयले आवश्यक कारवाही गर्नेछ।

११. <u>दण्ड जरिवाना:</u> (१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको खानतलासीबाट वस्तु वा सेवाको विक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाई त्यस्ता बस्तु अनुगमन टोलीले कब्जामा लिई नियमानुसार कारवाही बढाउन सक्नेछ ।

(३) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरून्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ ।

(४) अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्षण पश्चात मुद्दा दायर गर्नुपर्ने देखिएमा उपभोक्ता संरक्षण सम्वन्धी संघीय ऐन तथा नियमावली बमोजिम अनुसन्धान तहकिकातको लागि तत्कालनिरीक्षण अधिकृत मार्फत मुद्दा दायर गर्न समितिबाट निर्णय गरी आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ ।

(५) अनुगमनका क्रममा अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य नष्ट गर्नुपर्ने खालका वस्तु भेटेमा उक्त वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

(६) अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा संघीय ऐन तथा नियमावलीको अधिनमा रही कानुनी प्रकृया पूरा गर्नेछ ।

(७) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा यस नियम र संघीय ऐन तथा नियमावलीको अधिनमा रही कानूनी प्रकृया पुरा गर्नु पर्नेछ ।

(८) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ ।

(९) उपनियम (८) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा कार्यालयको टोलीले बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ । सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडि बढाउनेछ ।

## परिच्छेद -५
## आचार संहिता सम्वन्धी ब्यवस्था

१२. <u>आचार संहिताः</u> (१) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन।

(२) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन ।

(३) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन ।

(४) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन ।

(५) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन।

(६) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ।

(७) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन ।

(८) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्ने र अन्य व्यक्ति भए टोलीबाट हटाई संघीय कानून बमोजिम सजाय गर्नुपर्नेछ ।

(९) मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद -६
## विविध

१३. **बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः** (१) मन्त्रालय/निर्देशनालयले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ बार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

(२) नेपाल सरकारबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्न व्यवस्था गर्नुपर्नेछ।

(३) बार्षिक कार्यक्रममा उपभोक्ता अधिकार र बजार व्यवस्थापनका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि र संघसंस्थाको क्षमता अभिबृद्धि सम्बन्धि प्रशिक्षण कार्यक्रम, उपभोक्ता सचेतना कार्यक्रम नमूना संकलन, अनुगमन टोलीमा खटिने कर्मचारीको खाजा भत्ता वापतको रकम भुक्तानी लगायतका अनुगमनसँग सम्वन्धित कार्यमा उपनियम (१) बमोजिमको बजेटबाट खर्च गर्नुपर्नेछ ।

१४. **स्थानीय प्रशासनको कर्तव्यः** मन्त्रालय/निर्देशनालय/प्रदेश बजार अनुगमन समिति/बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सुरक्षा लगायतको आवश्यक सहयोग माग गरेमा, तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

१५. **असल नियतले गरेका काम बचाऊः** यस नियमावली बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन । तर असल नियतले गरेको कामको प्रमाणको भार सम्वन्धित व्यक्तिमा रहनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

१६. **प्रचलित कानुन बमोजिम हुने:** यस नियमावलीमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन ।

१७. **प्रतिवेदन:**जिल्ला बजार निरीक्षण तथा अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची-१ अनुसार तयार गरी निर्देशनालयल तथा प्रदेश बजार अनुगमन समिति समक्ष पेश गर्नुपर्नेछ र सोको प्रति मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ । बजार अनुगमनको बार्षिक प्रतिवेदन समितिले निर्देशनालय मार्फत आर्थिक बर्ष समाप्त भएको पन्ध्र दिन भित्रमा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१८. **मापदण्ड वनाउन सक्ने:** (१) मन्त्रालयले समितिको परामर्शमा उपभोग्य वस्तु तथा सेवाको मूल्य तथा गुणस्तर निर्धारण सम्वन्धमा आवश्यकता अनुसार मापदण्ड वनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाइएको मापदण्ड मन्त्रालयले सर्वसाधारणको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१९. **निर्देशिका/कार्यविधि वनाई लागू गर्न सक्ने:** यस नियमावली बमोजिम गर्नुपर्ने काम कारवाहीलाई व्यवस्थित गर्नको लागि समितिले आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

२०. **बाधा अड्काउ फुकाउने अधिकार:** यस नियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा समितिको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न मन्त्रालयमा लेखी पठाउन सक्नेछ र मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउने आदेश दिन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

२१. <u>संशोधनः</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार नियमावली तथा अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची -१
(नियम४ को उपनियम(२) सँग सम्बन्धित)

श्री ........................................... मन्त्रालय

**विषयः- बजार अनुगमनको मासिकप्रतिवेदन ।**

आज मिति २० / / देखि २० / / सम्म निम्न स्थानहरूमाबजार अनुगमनगर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि. नं. | अनुगमन गरिए को स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति / वस्तुहरू | अनुगमनको विवरण ( परिणाम, अवस्था र अन्य कुरा) व्यवसायिक प्रतिष्ठा संस्था | सामानको जफत/ बरामदी नाम /परिमाण | नष्ट गरिएको वस्तु/परिमाण नाम परिमाण | सिलबन्दी गरिएको मात्रा / संख्या | गरिएको नमुना संकलन मात्रा/संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**बोधार्थः**
श्री .......................................
....................................... ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

अनुसूची -२
(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

## अनुगमन गरिने वस्तुको वर्गीकरण

(अ) बजार अनुगमनको क्रममा बिभिन्नउपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छः-

**समूह“क” -खाद्यान्न माछा/मासुजन्य/तरकारी फलफूल/दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्यपदार्थहरू नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि ।
(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,
(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,
(४) खाद्यपदार्थ उत्पादन गर्ने उद्योग,
(५) खाद्यपदार्थ विक्री वतरण गरिने विक्री स्थल र भण्डार गृह वा संचय स्थल,
(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),
(८) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू,
(९) माछा, मासु, अण्डा,
(१०) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह“ख”औषधीएवं स्वास्थ्य सेवा**

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),
(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्रीवितरण गरिने स्थल,
(३) अस्पताल, नर्सिङहोम, क्लिनिकआदि स्वास्थ्य सेवा प्रदायक सस्थाहरु ।

**समूह“ग” रासायनिकमल/विषदी/विउबिजन/कृषिऔजारः**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चापदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउ विजन, कृषिऔजारहरु,

**समूह “घ”इन्धनः**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्यतथा मापदण्डहरूको परिपालना ।

**समूह“ङ”निर्माण सामाग्रीः**

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल ।

**समूह“च” शैक्षिक सामाग्रीः**

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरु ।

(२) शिक्षा निर्देशिका अनुसार विद्यालयहरुको शूल्क आदि ।

**समूह “छ” होटल/लज/रेष्टुरा/खाजाघर/चमेना गृह/लजः**

(१) होटल/रेष्टुरा/खाजाघर/चमेना गृह/लजको सरसफाइ तथा अन्य व्यवस्थापन

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्रीहुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्रीहुने खाद्यपदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ ।

**समूह“ज” सुर्तिजन्य पदार्थः**

(१) सुपारी, पानपराग, सुर्ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

**समूह“झ”नापतौलः**

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू ।

**समूह“ञ”पशुपंक्षी हाट बजारः**

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

**समूह “ट” सौन्दर्य सामाग्रीः**

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु
(२) व्यूटि पार्लर/सैलुनआदि ।

**समूह “ठ” विद्युतीय सामानहरुः**

(१) विद्युतीय सामानहरू,
(२) इलेक्ट्रनिक्स सामानहरू ।

**समूह “ड” रङ्ग/रोगनः**

(१) विभिन्न कम्पनिका भवन सम्बन्धि रङ्ग र रङ्ग रोगन संबन्धी सामाग्रीहरु ।

**समूह “ढ” गरगहना :**

(१) सुन, चाँदि, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल एंव गुणस्तर ।

**समूह “ण” सवारी साधन**

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा आदि ।

**समूह“त”अन्यः**(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(आ) **अनुगमन गरिने सेवाको विवरणः**

(१) व्यापारिक सेवा

(२) संचार सेवा,

(३) स्थलयातायाततथाहवाई सेवा,

(४) बिद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवाअन्यउपभोग्य सेवाहरू,

(७) स्वास्थ्य सेवा,

(८) शिक्षा सेवा,

(९) वित्तिय सेवाहरु ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

**अनुसूची - ३**
**(नियम ६ सँग सम्बन्धित)**
**बजार अनुगमन फारम**

मितिः......................

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवशायीलाई दिनु पर्नेछ)

व्यापारिक प्रतिष्ठानको नामःश्री

ठेगानाः

प्रोपाइटर वाफर्मधनीको नामः

फोन नं.:

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहाय अनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ ।

| क.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १. | मूल्य-सूची | | | |
| २. | साइनबोर्ड | | | |
| ३. | व्यवसाय दर्ता/नवीकरण | | | |
| ४. | नापतौलको प्रमाण | | | |
| ६. | लेबलमा खुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए/नभएको | | | |
| ७. | म्याद नाघेको सामाग्री | | | |
| ८. | स्थायी लेखा (PAN) नम्बर/Vat मा दर्ता | | | |
| ९. | बिक्री बिल दिने प्रक्रिया भए/नभएको | | | |
| १०. | खाद्य अनुज्ञा-पत्र (खाद्यउद्योगको | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| | | | | |
|---|---|---|---|---|
| | लागि) | | | |
| ११. | मासुको गुणस्तर सन्तोषजनक भए/नभएको | | | |
| १२. | मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक | | | |
| १३. | ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | |
| १४. | खरिद बिल/नभएको | | | |
| १५. | यस अगाडिको निर्देशनमा पालना | | | |
| १६. | अन्य कैफियतपूर्ण स्थिति ( खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरू पुनःअनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ।

निरीक्षण टोली

१. संयोजक श्री ...........................................................

२. सदस्य श्री...........................................................

३. सदस्य श्री ...........................................................

४. सदस्य श्री ...........................................................

५. सदस्य श्री...........................................................

...........................................................

मथि उल्लेखित विवरण ठीक छ भनी उत्पादक/बिक्रेताको

नाम र सही

प्रतिष्ठानको छाप

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची - ४
(नियम ७ र ९ सँग सम्बन्धित)

## मुचुल्का

...................... जिल्ला ....................गाउपालिका/नगरपालिका उ.प.न.पा./म.न.पा. .................. वडा नं. ...... टोल.......मा खडा गरेको घटनास्थल /बरामदी/खानतलासी/शिलछाप लगाएको मुचुल्का:-

१. उजुरी वा सूचनाको छोटकरी विवरण:-

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउँको विवरण:-

३ बरामद भएको सामान/दसीको विवरण/शिलछाप गरिएको विवरण:-

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षी:- (नाम, वतन समेत)

(क)

(ख)

(ग)

५. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछाप:-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(क)

(ख)

(ग)

६. निरिक्षण टालीलेले मेरो उद्योग, गोदाम, पसलमा अनुगमनगर्दा कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू ....... उद्योग, गोदाम, पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान......छाप भएको ठिक साँचो हो भनि सहिछाप गर्नेः-

(क)

(ख)

(ग)

७. कार्य तामेली गर्नेः-

(क)

(ख)

(ग)

मितिः-

समयः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

# अनुसूची - ५
## नियम ९ सँग सम्बन्धित
## तारेख भरपाई

पक्षः..........................................

विपक्ष : जिल्ला ................................ गाउपालिकावा न.पा......................वडा नं. ............... स्थायी घर भई हाल ........................................... जिल्ला .............................. गाउपालिकावा न.पा वडा नं...................बस्ने श्री ....................................का नाती/नातिनीश्री ..................................का छोरा/छोरी बर्ष .............................. को ..................................................नामकव्यवसायका सञ्चालकश्री ................................ सम्पर्क नं. .............।

## तारेख

मिति ........साल ....... महिना .... गते ..........रोज दिनको समय ..................बजे उपस्थितहुनेछु भनि सही छाप गर्ने ।

हस्ताक्षरः

नामः

मिति........................

साल......................महिना......................गते ..........रोज दिनको समय ..........बजे उपस्थित हुनेछु भनि सही छाप गर्ने ।

हस्ताक्षरः

नामः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

मिति ...................... साल ......................महिना ...................... गते .........रोज दिनको समय .........बजे उपस्थित हुनेछु भनि सही छाप गर्ने ।

हस्ताक्षरः

नामः

स्वीकृत मिति : २०७६/०५/१५

**आज्ञाले,**

**बद्रिराज ढुंगाना**

**प्रदेश सचिव**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १